वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६

Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

वर्ष ४५ अंक ३० | २०८३ जेठ ०४ गते सोमबार, नेपाल सम्वत् ११४६ May 18, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## आधुनिक मौरीपालन सम्बन्धी तालिम

कृषि विकास कार्यालय तनहुँले भिमाद नगरपालिका-०७ मसरडाँडामा सञ्चालन गरेको आधुनिक मौरीपालन सम्बन्धी तालिमका सहभागिहरू । उक्त तालिममा स्थानीय कृषकहरूलाई मौरीपालनका आधुनिक प्रविधि, घार व्यवस्थापन, उत्पादन वृद्धि, रोग तथा कीरा नियन्त्रण, मौरीको संरक्षण, मह उत्पादनको गुणस्तर कायम गर्ने उपाय तथा बजारीकरण सम्बन्धी व्यवहारिक एवं सैद्धान्तिक ज्ञान प्रदान गरिएको थियो ।

तालिमका प्रशिक्षकहरूले मौरीपालनलाई कम लगानीमा राम्रो आम्दानी लिन सकिने व्यवसायका रूपमा विकास गर्न सकिने उल्लेख गर्दै आधुनिक प्रविधिको प्रयोगले उत्पादन तथा उत्पादकत्व वृद्धि हुने विषयमा सहजिकरण तथा कृषकहरूलाई व्यवसायिक मौरीपालनमार्फत आत्मनिर्भर बन्न प्रेरित गराएका थिए ।

स्थानीय कृषकहरूको उत्साहजनक सहभागिता रहेको तालिमले मौरीपालन व्यवसायप्रति आकर्षण बढाउनुका साथै कृषि आयआर्जन र ग्रामीण आर्थिक सशक्तीकरणमा टेवा पुग्ने विश्वास लिइएको कृषि विकास कार्यालय तनहुँले जनाएको छ।

*तस्विर : भञ्ज्याङ*

# राजा वीरेन्द्रले 'देशभक्त र प्रभावशाली' नेता मानेका मदन भण्डारी

फणीन्द्र नेपाल/काठमाडौं

नेकपा एमालेका तत्कालीन महासचिव जननेता मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको सम्झनामा आज ३३औं मदन-आश्रित स्मृति दिवस मनाइँदैछ। मदन-आश्रितको रहस्यमय मृत्युको दिन अर्थात् जेठ ३ लाई प्रत्येक वर्ष एमालेले स्मृति दिवसका रूपमा मनाउँदै आएको छ । नेताद्वयको सम्झनामा यो वर्ष पनि एमालेले पार्टी कमिटीहरूलाई देशभर स्मृतिसभा तथा विविध रचनात्मक कार्यक्रम गर्न निर्देशन दिएको छ । पार्टी केन्द्रको आयोजनामा एमाले नेताहरु आइतबार मदननगर, बल्खुमा पुगेर मदनको शालिकमा माल्यार्पण गरी उनको योगदानको स्मरण गरेका छन्।

आश्चर्यको कुरा त के छ भने चर्चित दासढुङ्गा घटना छानबिनका लागि तीन वटा समिति बने पनि पद्मरत्न तुलाधर नेतृत्वको आयोगबाहेक अन्यको पूर्ण रिपोर्ट अझै सार्वजनिक भएको छैन, जसले गर्दा उक्त घटना कसरी, कसले र किन गरायो भन्ने रहस्यको पर्दाफास हुन बाँकी छ ।

जीप दुर्घटनामा मदन-आश्रितको निधन भएपछि तत्कालीन सरकारले त्रिलोकप्रताप राणाको संयोजकत्वमा छानबिन आयोग बनाएको थियो । नेकपा एमालेले केपी शर्मा ओलीको संयोजकत्वमा अर्को छानबिन आयोग बनायो । त्यसबाहेक नागरिकस्तरबाट पद्मरत्न तुलाधर नेतृत्वको तेस्रो आयोग गठन भयो । तीन वटै आयोगका प्रतिवेदनको सारमा उक्त घटना 'षड्यन्त्रमूलक' भनियो । हुन त मदनको मृत्युपछि कैयौं पटक एमालेले नै सरकारको नेतृत्व पनि गर्‍यो । मदनपत्नी विद्या भण्डारी मुलुकको राष्टपतिसमेत भइन् । यद्यपि उक्त दुर्घटनाको सत्यतथ्य बाहिर नआउनुले घटना थप रहस्यकै गर्भमा रहन पुग्यो।

मदनले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज)ले नेपालको राजनीतिक परिवर्तनमा ठुलो मार्गदर्शन गरेको राजनीतिका जानकारहरूको भनाइ छ । 'गणतन्त्र स्थापना, माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन, कांग्रेसलाई सामाजिक न्यायका मुद्दामा समर्थन गर्ने बनाउन र समाजवाद उन्मुख संविधान निर्माण गर्न जबजको वैचारिक भूमिका छ', एमाले नेता प्रदीप ज्ञवालीले भने, 'एमालेको मार्गदर्शक सिद्धान्त नै जबज हो र मदन भण्डारी पथप्रदर्शक हुनुहुन्छ ।'



राजनीतिक शास्त्रका प्राध्यापक कृष्ण पोखरेल पनि मदनले त्यतिबेला प्रतिपादन गरेको जबजमा निर्वाचनबाट कम्युनिस्टहरु जनतामा स्थापित हुन सक्ने भए पनि टिक्न दिदैनन् भनेर पुँजीवादी लोकतन्त्रका विशेषता समावेश गरेको बताउँछन् ।

'आवधिक निर्वाचन, बहुमतको शासन, अल्पमत विपक्ष, कानुनी राज्यजस्ता विषय समावेश गरेर मदनले के देखाउन खोज्नुभयो भने निर्वाचनबाट आयौं भने हामीप्रति कुदृष्टि राख्नेहरूसँग ट्र्याकल गर्न सकिन्छ र तिम्रो र हाम्रो लोकतन्त्रमा के फरक छ भनेर प्रश्न गर्न सकिन्छ भनेर समयसापेक्ष ढंगले विचारलाई परिमार्जन गर्नुभयो', पोखरेलले भने।

तर, मदनको विचारअनुसार अहिले एमाले हिंड्न नसकेको प्राध्यापक पोखरेल बताउँछन् । 'पार्टीमा आन्तरिक लोकतन्त्रलाई बलियो बनाउने र फरक विचारलाई सम्मान गर्नुपर्छ भनेर मदनले व्यवहारमै देखाएका थिए', पोखरेलले रातोपाटीसँग भने, 'उदाहरणका लागि सीपी मैनालीको फरक विचार भए पनि उनलाई मदनले नेतृत्वमा ल्याए।'

पोखरेलको बुझाइमा अहिलेको एमालेले मदनको विचारलाई पदमा पुग्न प्रयोग गरे पनि पदमा पुगेपछि निरंकुश ढंगले काम गर्ने गरेको छ। 'त्यसको एक्स्ट्रिम उदाहरण अहिलेका अध्यक्ष केपी ओली नै हुन्, जसले गर्दा पार्टीभित्र आन्तरिक लोकतन्त्र मर्दै गयो भने चाकरीतन्त्र मौलायो । जसका कारण पार्टी र जनताबिचको जीवन्तता हरायो,' पोखरेलले भने।

**को थिए मदन भण्डारी?**

ताप्लेजुङको तत्कालीन ढुंगेसाँघु गाविस वडा नं ८ मा २००९ साल असार १४ गते जन्मिएका मदन भण्डारी २०४८ सालको आम निर्वाचन अघिसम्म नेपाली राजनीतिमा त्यति धेरै चर्चामा थिएनन् । यसो हुनुमा उनले त्यसवेला नेतृत्व गरेको पार्टीको संगठन देशव्यापी भइसकेको पनि थिएन । यद्यपि केही नेता कार्यकर्ताबिचमा भने उनको पकड बढ्दै गइरहेको थियो । प्रतिवद्ध नेता-कार्यकर्ता रहेकाले आन्तरिक रूपमा संगठन विस्तार भइरहे पनि तत्कालीन समयमा एमाले भूमिगत अवस्थाबाट भर्खर बाहिर आएकाले मदन नेतृत्वमा रहेको पार्टीको खासै चर्चा थिएन ।

मदनसँगै २०४८ अघिसम्म एमालेका धेरै नेताहरु भूमिगत नै थिए । भूमिगत जीवनवाट सार्वजनिक भएको एक वर्ष नबित्दै मदन भण्डारी यसरी लोकप्रिय भए कि जसले

*बाँकी तेश्रो पेजमा*

# बन्दीपुर अस्पताललाई रू. ४० लाख बराबरका स्वास्थ्य उपकरण हस्तान्तरण

### अत्याधुनिक सेवा विस्तारसँगै थाइराइड, क्यान्सर र मुटु रोग परीक्षण अब बन्दीपुरमै

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको ऐतिहासिक तथा पुरानो स्वास्थ्य संस्थाका रूपमा परिचित बन्दीपुर अस्पतालमा स्वास्थ्य सेवा विस्तार तथा गुणस्तर अभिवृद्धिका लागि करिब ४० लाख रूपैयाँ बराबरका अत्याधुनिक स्वास्थ्य औजार उपकरण हस्तान्तरण गरिएको छ ।



वि.सं. २०२२ सालमा स्थापना भएको तत्कालीन जिल्ला अस्पताल हाल वि.सं. २०७३ सालदेखि बन्दीपुर गाउँपालिका अन्तर्गत १५ शैयाको अस्पतालका रूपमा सञ्चालन हुँदै आएको छ। अस्पतालले मिति २०८२ वैशाख १ गतेदेखि कर्मचारी, विद्यार्थी, मजदुर, व्यवसायी तथा गृहिणी लक्षित विस्तारित सेवा समयसहित हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म निःशुल्क ओपीडी सेवा सञ्चालन गर्दै आएको छ। कार्तिक १६ देखि माघ १५ सम्म भने सेवा बेलुकी ७ बजेसम्म सञ्चालन हुने अस्पतालले जनाएको छ ।

हाल अस्पतालबाट २४सै घण्टा आकस्मिक सेवा, प्रसूति तथा डेलिभरी सेवा, फार्मेसी, प्रयोगशाला, एक्सरे तथा बिरामी भर्ना सेवा सञ्चालन भइरहेका छन् । साथै हरेक दिन आँखा तथा दाँत उपचार सेवा र सोमबार तथा बिहीबार भिडियो एक्सरे सेवा समेत उपलब्ध हुँदै आएको छ। दैनिक करिब १०० देखि १५० जनासम्म सेवाग्राहीले सेवा लिँदै आएका छन् ।

यसैबीच अस्पतालमा थप सेवा विस्तार तथा गुणस्तरीय परीक्षण सेवा सञ्चालन गर्ने उद्देश्यले

*बाँकी अन्तिम पेजमा*

## सम्पादकीय ............

www.bhanjyangnews.com

# पर्यटनको नयाँ गन्तव्य 'ऐना पहरा'

नेपालको पर्यटन हिमाल, पहाड र तराईका विविधता मात्रै होइन, त्यहाँका संस्कृति, कला, धर्म, जातीय पहिचान, जैविक विविधता र मानवीय सिर्जनशीलताको संगम हो । पछिल्ला वर्षहरूमा पर्यटन फुर्सदको मनोरञ्जन मात्र नभएर ज्ञान, अनुभूति र आत्मिक सन्तोषको माध्यम बनेको छ । यो मानवीय स्वभाव पनि हो– जहाँ नयाँ र अद्भुत कुरा देखिन्छ, त्यहीँ पुग्न मन लाग्छ । पृथ्वी राजमार्गमा यात्रा गर्दा तनहुँको आँबुखैरेनी र मर्स्याङ्दी जलविद्युत परियोजनाको बीचमा पर्ने "ऐनापहरा" त्यस्तै एक मनमोहक गन्तव्य बन्दै गएको छ । यहाँको झरना र झरनासँगै चट्टानमा कुँदिएका मूर्ति तथा अन्य पूर्वाधारले यात्रुहरूलाई अवरोध गरिरहेजस्तो लाग्छ । तर त्यो अवरोध होइन, आकर्षण हो । निजी सवारीमा यात्रा गर्ने पर्यटकहरु यहाँ रोकिन्छन्, झरनाको सौन्दर्य र पहरामा कुँदिएका मूर्तिको कला निहाल्छन् । सेल्फी, भिडिओ, पारिवारिक तस्बिरको पृष्ठभूमि बन्छ यो दृश्य । ऐनापहरामा अहिले हात्ती, गणेश, आमा–छोराको माया जस्ता आकृतिहरु ढुङ्गामा कुँदिएका छन् । यो पहरालाई कलाको माध्यमबाट बोल्ने बनाइएको छ । आँबुखैरेनी गाउँपालिकाले ऐनापहरालाई गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीयस्थल बनाउने योजनामा रहेको छ । स्काइ साइक्लिङ, सिसाको पुल र पार्क निर्माणजस्ता पूर्वाधार विस्तार भइरहेका छन् । झरनामा रमाउनेको भिड हिउँदको तुलनामा वर्षायाममा बढी हुन्छ । ऐनापहरामा रहेको झरना महाभारत पर्वत श्रृंखलाबाट बगेर आएको सिउँदी खोलाबाट बनेको हो । प्रकृतिको श्रृंगार र मानवीय सिर्जनाको संगमले यहाँको पर्यटनमा नयाँ जीवन फुकाएको छ ।

नेपालको मूर्तिकलाको इतिहास प्राचीन कालदेखि सुरू भएको हो । लिच्छवि कालदेखि शाहकालसम्म, अनि आधुनिक युगमा पनि कलाकृतिहरु ढुङ्गामा अमर बनाइएका छन् । ऐनापहराको मूर्तिकला पनि त्यही परम्पराको निरन्तरता हो, जुन पर्यटकको आँखाले अनुभव गर्छ । गण्डकी प्रदेशको प्रवेशद्वार रहेको आँबुखैरेनी बजार इतिहास र धार्मिक दृष्टिले पनि महत्वपूर्ण छ । राजा राम शाहले अन्तिम प्राण त्यागेको भनिएको रामशाह घाट, दरौंदी र मर्स्याङदीको दोभानजस्ता स्थलहरूले यस ठाउँको ऐतिहासिक गाथा बोकेका छन् । यात्रा केवल दृश्यदर्शन मात्र होइन, भावना, ज्ञान र आत्मिक अनुभव पनि हो । यही यात्रा छिम्केश्वरी नपुगी अधुरो रहन्छ । महाभारत पर्वतमा अवस्थित छिम्केश्वरी २१५० मिटरको उचाइमा रहेको रमणीय तीर्थ हो । यो तनहुँको सबै भन्दा अग्लो पहाडी श्रृंखलाका रूपमा ठडिएर बसेको छ । यहाँबाट हिमश्रृंखला, चितवनदेखि काठमाडौंसम्मका भूभाग र दर्जनौं नदीहरु देख्न सकिन्छ । मनकामनाकी माइली बहिनीका रूपमा पुजिँदै आएकी छिम्केश्वरी माईको दर्शनले मनोकामना पूरा हुने जनविश्वास छ।

छिम्केश्वरी पुग्नका लागि लाब्दी हुँदै २५ मिनेटको छोटो पैदल यात्राबाट मन्दिर पुग्न सकिन्छ । यहाँ सामुदायिक होमस्टे छन्, जहाँ पर्यटकले गुरूङ संस्कृतिको स्वाद, स्थानीय खानाका परिकार र आत्मीय आतिथ्यता अनुभव गर्न सक्छन् । ऐनापहराको झरना र छिम्केश्वरीको अध्यात्मिक उचाइबाट फर्कदा मर्स्याङ्दी जलविद्युतको जलाशयमा मोटरबोटको सयर अर्को रमणीय अनुभूति हो । जलाशयमा फ्लोटिङ डेक, रिभर भ्यु, रेस्टुरेन्टजस्ता सुविधा छन्। यो क्षेत्रमा मोटरबोट सयर गर्ने पर्यटकले फोटोग्राफी, भिडिओ निर्माण लगायतका रमाइला गतिविधि गर्ने गरेका छन् ।

तनहुँमा अन्य पर्यटकीय गन्तव्यहरु : बन्दीपुर, देवघाटधाम, छाब्दी वराही, व्यास गुफा, घाँसीकुवा, मिर्लुङकोट, भानुभक्तको जन्मस्थल चुँदी रम्घा आदि पनि उत्तिकै लोभलाग्दा छन् । यिनमा सडक पुगिसकेको छ, पूर्वाधार विस्तार भइरहेका छन्। अहिलेको पर्यटन विकास प्रवृत्तिमा हेर्दा प्राकृतिक सौन्दर्यमा सिर्जनात्मक हस्तक्षेपले थप आकर्षण थपेको छ । मूर्तिकलाजस्ता त्रिआयामिक कलाले पर्यटन स्थललाई केवल देखिने मात्र होइन, अनुभूत हुने बनाउँछ । ऐनापहराको मूर्तिकला र झरना, छिम्केश्वरीको अध्यात्म, जलाशयको मोटरबोट र होमस्टे संस्कृतिको संगमले आँबुखैरेनीलाई नेपालको नयाँ बहुआयामिक पर्यटन गन्तव्य बनाउँदै लगेको छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# प्रादेशिक बजेट बनाउँदा विगतका असफलताबाट किन नसिक्ने?

हाल नेपालको आगामी आर्थिक वर्षको नीति, योजना र बजेट निर्माणमा संघ, प्रदेश र स्थानीय तह जुटिरहेका छन्। यसैबीच, विज्ञ तथा विश्लेषकहरूले आ–आफ्ना ठोस सुझाव दिइसकेका छन्।

तथापि, बारम्बार असफल भएका योजना, कमजोर कार्यान्वयन र अवैज्ञानिक बजेट विनियोजनले लामो समयदेखि विकासमा अवरोध पुऱ्याउँदै आएको छ। यसको परिणामस्वरूप, जनताको विकासप्रतिको आक्रोश दिनप्रतिदिन बढ्दै गएको छ। यस्तो परिस्थितिमा, यी विसंगतिहरूको अन्त्य गर्नुपर्छ भन्ने माग बलियो बनेको छ।

हाल देशमा दुईतिहाइ नजिकको बहुमतको सरकार रहेकोले धेरै समस्या समाधान हुने अपेक्षा गर्नु स्वाभाविकै हो। तर, केवल राजनीतिक बहुमत पर्याप्त हुँदैन। बरू, योजना निर्माणको प्रक्रिया र कार्यान्वयनको शैलीमै परिवर्तन ल्याउनुपर्छ। साँचो हो, केही समस्या कानून संशोधनले सहअस्तित्व विना योजना सफल हुँदैन, यो इतिहासको पाठ हो। नेपालसँगै योजनाबद्ध विकास शुरू गरेका दक्षिणकोरिया, सिंगापुर र मलेसियाले आफ्नो आर्थिक अवस्था बलियो बनाइसकेका छन्।

यसैगरी, छिमेकी चीन र भारत केवल एशियाका उदीयमान 'शक्तिशाली अर्थतन्त्र' मात्र होइनन्, बरू भविष्यका महाशक्ति राष्ट्र बन्ने यात्रामा छन्। तर दुर्भाग्यवश, नेपालमा एउटै योजना सम्पन्न हुन धेरै वर्ष लाग्छ। नेता र कर्मचारीहरु प्रदेशमा हुँदा प्रादेशिक मुद्दा उठाउँछन्, तर केन्द्र गएपछि ती मुद्दा बिर्सन्छन्।

यसरी, यो दोहोरो मापदण्डले विकासमा निरन्तरता दिनसकेको छैन। सैद्धान्तिक रूपमा, केन्द्रले ठूला मेगा आयोजना, कूटनीति र सुरक्षा; प्रदेशले क्षेत्रीय आयोजना र स्थानीय तहले सेवा प्रवाह र स्थानीय पूर्वाधार हेर्ने हुन्छ। तर व्यवहारमा, संघीय सरकारले जथाभावी साना आयोजना थुपारिरहेको छ, यो कुनै अतिशयोक्ति होइन। दुःखद त के भने, मुख्यमन्त्री तथा मन्त्रीहरूले योजना आयोगलाई निजी सचिवालय जस्तो बनाएका छन्, जसका कारण यो थिंक ट्याङ्कको रूपमा विकास हुनसकेको छैन भन्ने कुरा धेरै ठाउँमा उठेको छ। योजना आयोग र अर्थ मन्त्रालय बीच समन्वयको अभाव पनि उत्तिकै गम्भीर छ। दुर्भाग्यपूर्ण तर सत्य, आयोगको भूमिका पूर्ण रूपमा त्यहाँ आउने उपाध्यक्षले कस्तो भूमिका खेल्छ भन्नेमा निर्भर रहन्छ– उनले नै दिशानिर्देश गर्छन्।

**बहुवर्षीय आयोजनाको दयनीय अवस्था**

गौरवका आयोजना समेत निश्चित मापदण्ड विना घोषणा भएका छन्, र प्रायः सबै ठूला आयोजनाहरु समयमा सम्पन्न भएका छैनन्, बरू तिनको लागत निरन्तर बढ्दो छ। त्यसैगरी, सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाहरूको जग्गा




प्राप्तिमा पटक–पटक समस्या आइपर्छ। उदाहरणको लागि, वन क्षेत्रमा रूख कटान र जग्गा प्राप्तिको समस्या समयमै समाधान हुँदैन, र जसले गर्दा ठेकेदार कम्पनीहरु बीचमै काम छाडेर जान्छन्।

यी सबै समस्याको समाधान के भने– बहुवर्षीय आयोजना छनोटको मापदण्ड स्पष्ट हुनुपर्छ। सम्बन्धित मन्त्रालयबाट विस्तृत इञ्जिनियरिङ प्रतिवेदन स्वीकृत, वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न, जग्गा प्राप्तिको प्रक्रिया टुंगिएको, मध्यमकालीन खर्च संरचना अनुसार स्रोत सुनिश्चित र खरिद तथा कार्यान्वयन योजना तयार भएको हुनुपर्छ। बजेटको अभाव, कार्यान्वयनमा जटिलता, ठेकेदारको ढिलासुस्ती र आयोजना प्रमुखको त्यतिबेलै सरूवा मुख्य समस्या हुन्। आयोजना बैंक कार्यान्वयन नहुनु अर्को ठूलो समस्या हो, र यदि यसलाई प्राविधिक मापदण्डमा आधारित, राजनीतिक हस्तक्षेप नहुने र पारदर्शी बनाउन सकियो भने मात्र सुधार हुनेछ। तर, फेरि पनि, यदि आयोजना बैंकमा त्यही पुरानो र संसद्को गोजीको योजना नै राखियो भने त यसको औचित्यमाथि प्रश्न उठ्छ।

**समन्वयको अभाव नै मुख्य बाधक**

तीनै तह बीच समन्वय, सहकार्य र समाधान हुन सक्छन्, तर मूल जटिलता अझै पनि संरचनागत प्रकृतिका छन्। र, यही नै प्रदेश सरकारको सबभन्दा ठूलो वास्तविकता हो।

**योजना समीक्षा र दीर्घकालीन दृष्टिकोणको अनिवार्यता**

प्रदेश सरकार गठन भएको आठ वर्ष बितिसकेको र पहिलो पञ्चवर्षीय योजना पूर्णरूपमा सकिएको छ। तैपनि, जनताले प्रतीक्षा गरेको उपलब्धि हासिल भएको छैन, यो दुःखद सत्य हो। थोरै साधनस्रोत हुँदाहुँदै अत्यन्तै महत्वाकांक्षी योजना बनाइयो, र कार्यान्वयनको क्रममा आर्थिक अस्थिरता र संरचनागत समस्याले ती योजनाको उपलब्धिलाई निराशाजनक बनायो। अतः, यो क्रम अब रोकिनैपर्छ।

दोस्रो पञ्चवर्षीय योजना हाल कार्यान्वयनमा रहेकोले, यसको वास्तविक मध्यावधि समीक्षा गरेर तेस्रो योजनाको तयारी अहिलेदेखि नै शुरू गर्नुपर्छ। किनभने, प्रदेशहरूले दीर्घकालीन सोच विना बनाएका योजना जुनसुकै अवस्थामा पनि अपूरै रहने सम्भावना बढी हुन्छ। पीडादायी तर सत्य के भने, योजनाको ढाँचै पुनर्विचार गर्नुपर्छ भन्ने कतिपयको तर्क छ।

भने प्रदेश चाहि अधुरा योजनामै सीमित देखिन्छन्। कमजोर मानव पूँजी, जनशक्ति व्यवस्थापनको कठिनाइ, निर्माण सामग्रीको अभाव र स्थानीय तहमा बजेटको कमीले अवस्था झन् जटिल बनाएको छ।

नतिजास्वरूप, जनताको घरदैलोमा सेवा पुऱ्याउने प्रदेश सरकारको अवधारणा हाल कागजमै सीमित छ। यदि तीनै तह बीच संयुक्त आयोजना बैंक र अनिवार्य व्यावहारिक समन्वयको व्यवस्था गरियो भने मात्र यो अन्तर घटाउन सकिन्छ।

**बजेट विनियोजनको विकृत चलन र योजना आयोगको बेवास्ता**

आगामी बजेट बनाउँदा खल्ती, कानेखुसी, भनसुन–चिनजान वा एसएमएसको आधारमा योजना राख्ने विकृत प्रवृत्तिलाई पूर्ण रूपमा रोक्नुपर्छ। किनभने, यी जनताकै प्रत्यक्ष गुनासोका विषय हुन्। जथाभावी बहुवर्षीय योजना अघि बढाउने प्रचलन, अध्ययन–अनुसन्धान विनै योजना थाल्ने, र एउटा सरकारले बहुवर्षीय योजना लैजाने र अर्कोले त्यही रकम काटेर नयाँ योजना राख्ने क्रमले कति धेरै योजना अलपत्र परेको छ। योजना आयोगलाई पूरै बाइपास गर्दा दीर्घकालीन दृष्टि, प्राथमिकीकरण र वैज्ञानिक योजना छनोटको सम्पूर्ण प्रणाली नै ध्वस्त भएको

**विकासका संरचनागत बाधक र प्रदेशको आन्तरिक स्रोतको**

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको सुरूवातका हुनेछ । आत्मविश्वास बढ्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ।

**वृष**
स्वास्थ्यमा भने खानपानमा ध्यान दिनुहोस्। मन अलि चञ्चल बन्न सक्छ। प्रेम सम्बन्धमा मधुरता आउनेछ।

**मिथुन**
अध्ययन तथा शिक्षामा सफलता मिल्नेछ। रोकिएका काम अघि बढ्नेछन्। यात्राको सम्भावना पनि देखिन्छ।

**कर्कट**
धैर्य र संयमता अपनाउनुपर्ने दिन छ। धार्मिक तथा सामाजिक कार्यमा रूचि बढ्नेछ।

**सिंह**
पेशामा राम्रो अवसर प्राप्त हुन सक्छ। आफन्तबाट सहयोग मिल्नेछ। सम्बन्धमा सकारात्मक संकेत छन्।

**कन्या**
आर्थिक लाभको योग छ। नयाँ योजना बनाउन उपयुक्त समय छ। स्वास्थ्यमा थकान महसुस हुन सक्छ।

**तुला**
अध्ययन, लेखन तथा सिर्जनात्मक क्षेत्रमा सफलता मिल्नेछ। मित्रसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।

**वृश्चिक**
आवेगमा निर्णय नगर्नुहोस्। आर्थिक कारोबारमा सजग रहन आवश्यक छ। शुभ समाचार सुन्न पाइनेछ।

**धनु**
दाम्पत्य जीवन सुखद रहनेछ। व्यापार विस्तारको योजना सफल बन्ने संकेत छ। यात्राबाट फाइदा मिल्नेछ।

**मकर**
कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्न सक्छ। स्वास्थ्यमा सामान्य समस्या देखिन सक्ने भएकाले आराममा ध्यान दिनुहोस्।

**कुम्भ**
मनोरञ्जन तथा भेटघाटमा समय बित्नेछ। प्रेम सम्बन्धमा निकटता बढ्नेछ। दिन उत्साहजनक रहनेछ।

**मीन**
जग्गाजमिन वा सम्पत्ति सम्बन्धी काममा लाभ मिल्ने सम्भावना छ। स्वास्थ्यमा सामान्य सुधार आउनेछ।

# राजा वीरेन्द्रले 'देशभक्त ......

त्यसवेलाका अन्तरिम सरकारका प्रधानमन्त्री समेत रहेका सन्त नेता कृष्णप्रसाद भट्टराईलाई प्रतिनिधि सभा निर्वाचनमा काठमाडौँ निर्वाचन क्षेत्र नम्बर १ बाट पराजित गरिदिए ।

०४८ को निर्वाचनमा मदन काठमाडौँ निर्वाचन क्षेत्र नम्बर १ र ५ बाट उम्मेदवार बनेका थिए । जतिवेला नेपालमा भर्खर प्रजातन्त्र पुनर्स्थापना भएको थियो । प्रजातन्त्र पुनर्स्थापनापछि हुन लागेको निर्वाचनमा कांग्रेस र एमालेका शीर्ष तहका केही नेताहरूबिच आपसमा चुनावी प्रतिस्पर्धा नगरौँ भनेर मदन भण्डारीले कांग्रेससँग प्रस्ताव गरेका थिए । सोही अनुसार सुनसरी निर्वाचन क्षेत्रनम्बर १ मा एमालेका अध्यक्ष मनमोहन अधिकारीविरूद्ध कांग्रेसले उम्मेदवारी नदिने र काठमाडौँ निर्वाचन क्षेत्र नम्बर १ मा तत्कालीन कांग्रेस सभापति तथा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईविरूद्ध एमालेले उम्मेदवारी नदिने मदनको प्रस्ताव थियो ।

मदनले यस्तो प्रस्ताव राख्नुमा देशका शीर्ष र देशलाई धेरै आवश्यकता पर्ने नेता सदनमा नछुटुन् भन्ने उद्देश्यक थियो । प्रजातन्त्रलाई संस्थागत गर्न र बलियो बनाउन परिपक्व नेता चुनावमा पराजित हुनु हुँदैन भन्ने मदनको यो तर्कलाई कांग्रेसले पूरै बेवास्ता गरेको थियो । मदनको त्यो प्रस्ताव कांग्रेसले स्वीकार नगर्नुमा २०१५ सालमा एक्लै दुई तिहाइ बहुमत ल्याएको घमण्ड पनि एउटा कारण थियो । प्रजातन्त्र पुनर्स्थापनापछि त आफ्ना सबै नेताले झन् सजिलै जित्ने आत्मविश्वास कांग्रेसमा बढेकाले मदनको उक्त प्रस्ताव कांग्रेसले इन्कार गर्न पुगेको एमाले नेता प्रदीप ज्ञवालीको भनाइ छ ।

पञ्चायती शासनविरूद्ध २०४६ सालमा भएको जनआन्दोलन पश्चात बनेको कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले २०४८ साल वैशाख २९ गते संसदको निर्वाचन गराउँदै थियो । कांग्रेसले मदनको प्रस्ताव अस्वीकार गरेपछि उक्त निर्वाचनमा कांग्रेस र एमाले खुला चुनावी प्रतिस्पर्धामा उत्रिए । सोही निर्वाचनमा मदन भण्डारीले काठमाडौँ निर्वाचन क्षेत्र नम्बर १ बाट प्रधानमन्त्री तथा कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईलाई पराजित गरे। चुनावमा भट्टराई र भण्डारीको मतान्तर १ हजार ३९७ थियो । यो नतिजाले एक किसिमको हलचल नै पैदा गरायो ।

नेपाली राजनीतिमा सन्त नेता भनेर चिनिने कांग्रेस नेता भट्टराई चुनाव अघिसम्म मदनको तुलनामा निकै लोकप्रिय मानिन्थे । त्यस्ता नेतालाई काठमाडौँबाटै पराजित गरेपछि भण्डारीको चर्चा एकाएक चुलिन पुग्यो । त्यस चुनावी परिणामसँगै मदनले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज)को चर्चा थप चुलियो, जसलाई अहिले पनि नेकपा एमालेले पार्टीको मूल सिद्धान्त मानिरहेको छ।

कम्युनिस्ट पार्टीलाई चुनावी प्रतिस्पर्धाबाट स्थापित गराउँदै लोकप्रिय बनाउने विचार मदनले जबजमार्फत अँगालेका थिए । सुरूवाती चरणमा मदनको उक्त विचारलाई अन्य कम्युनिस्ट पार्टी र विश्वका कम्युनिस्ट नेताहरूले समेत रूचाएनन् । बरू उक्त विचारलाई संविधानवादी र विसर्जनवादी भनेर आलोचना गरिन्थ्यो। तर भण्डारीले पार्टीको आन्तरिक जीवनलाई लोकतान्त्रिक प्रतिस्पर्धाबाट सञ्चालन गर्न सकिन्छ र कम्युनिस्ट पार्टी पनि जनमतबाटै सत्तामा पुगेर जनताले चाहेको प्रगतिशील परिवर्तनलाई स्थापित गर्न सकिन्छ भन्नेमा दृढ थिए । जति वेलासम्म पनि हिंसात्मक बाटो नअपनाउने कम्युनिस्ट हुनै सक्दैनन् र चुनावबाट जनताको जीवनमा परिवर्तन पनि ल्याउन सकिँदैन भन्ने अन्य कम्युनिस्ट समूह नेपालमा क्रियाशील थिए भने कम्युनिस्टहरू कहिल्यै लोकतान्त्रिक हुन सक्दैनन् भन्ने कांग्रेसको धारणा थियो।

त्यस्तो वेलामा कांग्रेससँग एमालेले एक्लै चुनावी प्रतिस्पर्धा गर्नुपरेको थियो । २०५ सिटको त्यसवेलाको संसदमा कांग्रेसले ११० सिट जित्दा मदनकै लोकप्रियताका कारण एमाले ६९ सिटसहित दोस्रो पार्टी बन्न सफल भयो । अर्को कम्युनिस्ट पार्टी संयुक्त जनमोर्चाले २०४८ को चुनावमा ९ सिट जितेको थियो । कांग्रेसले त्यसवेला एमालेलाई भन्दा संयुक्त जनमोर्चालाई असली कम्युनिस्ट पार्टी मान्थ्यो । जनमोर्चा पनि आफूमात्र कम्युनिस्ट पार्टी भएको दाबी गर्दै त्यसवेला एमालेलाई संशोधनवादी शक्तिका रूपमा व्याख्या गर्ने गर्दथ्यो । कांग्रेस र जनमोर्चाको दोहोरो पेलानमा परेको एमालेलाई जोगाउने काम उनै मदन भण्डारीले गरेका थिए। २०४८ सालको निर्वाचनमा मदन संसदमा निर्वाचित हुँदा जम्मा ३९ वर्षका थिए । त्यसवेला मनमोहन अधिकारीबाहेक एमालेमा सार्वजनिक रूपमा नाम चलेका र पाका नेता नै थिएनन् । यस्तो अवस्थामा भण्डारीले आफू संलग्न पार्टीलाई ठुलो आकारमा फैलाउनु कम चुनौती थिएन ।

**लेनिन ढलेका बेला मदन अनुमोदन**

तत्कालीन समयमा वक्तृत्वकला र सन्तुलित भाषणशैलीमा भण्डारी जनआकर्षणका केन्द्र बन्न पुगेका थिए । विचारधारा र सिद्धान्तमा भण्डारीको दुरदर्शिताबारे आमजनताले खासै थाहा नपाए पनि उनको विचारधारा एमालेभित्र चर्को बहसको विषय बनेको थियो । जतिवेला कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेको सोभियत संघ विघटन भएको घटना र लेनिनको सालिक नै उखेलिएको विश्वभर चर्चा भइरहेको अवस्था थियो । जानकारहरूका अनुसार पूर्वी युरोप र अन्य समाजवादी देशबाट कम्युनिस्ट सत्ता पतन भएको अवस्थामा नेपालमा कम्युनिस्ट पार्टीको झण्डालाई लोकप्रिय बनाउने काम मदनकै नेतृत्वमा भएको हो । जसले नेपाली मौलिकताको सिद्धान्त प्रतिपादन गरेर लागुमात्र गरेनन्, नेपाली कम्युनिस्ट पार्टीलाई लोकतन्त्रीकरण गर्दै जनसेवक पार्टीका रूपमा स्थापित गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले जननेता नै बन्न पुगे ।

एमाले नेता प्रदीप ज्ञवाली मदन भण्डारी नेपाली राजनीतिमा छोटो समयमै लोकप्रिय बन्नुको मुख्य कारण कम्युनिस्ट आन्दोलनको लोकतन्त्रीकरणमा पुऱ्याएको योगदान नै प्रमुख भएको बताउँछन् । 'कम्युनिस्ट आन्दोलनलाई उहाँले जसरी लोकतन्त्रीकरण गर्नुभयो, त्यो उहाँको ठुलो योगदान थियो । जसले मदनलाई कम्युनिस्ट आन्दोलनको संकटको मसिहा र मार्गदर्शक जस्तो बनायो', ज्ञवालीले भने । मदनले २०४८ मा काठमाडौँका दुई ठाउँबाट बहालवाला प्रधानमन्त्रीलाई हराएर चुनाव जितेपछि संसारलाई नै एउटा प्रेरणा मिलेको ज्ञवालीले बताए । 'त्यसैले न्यूजवीकले नेपालमा कार्ल मार्क्स जीवितै छन् भनेर उहाँको अन्तर्वार्ता समेत छाप्यो', ज्ञवालीको भनाइ छ ।

**सानैमा रूद्रीचण्डी कण्ठस्थ**

पूर्वी पहाडी जिल्लाको विकट गाउँमा जन्मेका मदन भण्डारी सानो उमेरमा पनि तीक्ष्ण र मेधावी विद्यार्थीका रूपमा चिनिन्थे । उनी आठ–नौ वर्षको उमेरमै रूद्री र चण्डी कण्ठस्थ सुनाउने गर्थे भनेर समेत कतिपयले भन्ने गरेका छन् । बृन्दावन र बनारसबाट आचार्यसम्मको शिक्षा हासिल गरेका भण्डारी आफ्ना भाषणमा प्रायः झर्रा नेपाली शब्द प्रयोग गर्न रूचाउँथे । उनका कतिपय भाषणको अझैसम्म चर्चा हुने गरेको छ । उनले खुलामञ्चबाट नारायणहिटीतर्फ फर्कंदै राजालाई 'श्रीपेच फुकालेर राजनीतिमा आउन' चुनौती दिएका थिए ।

**मदनको राजनीतिक सक्रियता**

२०२८ सालमा पुष्पलाल समूहको नेकपा जनवादी क्रान्तिकारी सांस्कृतिक संघको केन्द्रीय सदस्य भएर कम्युनिस्ट विचारधारमा संगठित भएका मदन २०२९ सालमा बलराम उपाध्यायमार्फत नेपाल कम्युनिस्ट पार्टी पुष्पलाल समूहको सदस्य बनेका थिए। उनी २०३३ सालमा पुष्पलालबाट अलग भएको मुक्तिमोर्चाको सदस्य हुँदै क्रान्तिकारी को–अर्डिनेशन केन्द्रको केन्द्रीय सदस्य बने । को–आर्डिनेसन केन्द्रमा झापाबाट क्रान्ति सुरू गर्ने अहिलेका माले माहासचिव सीपी मैनाली र एमालेका वर्तमान अध्यक्ष केपी शर्मा ओलीको समूह पनि सामेल थियो । विभिन्न कम्युनिस्ट समूहहरू मिलाएर २०३५ सालमा नेकपा माले गठन हुँदा भण्डारी केन्द्रीय सदस्य बने । २०४१ सालमा आइपुग्दा भण्डारी नेकपा मालेको पोलिटव्युरो सदस्य बने र २०४६ मा भएको चौथो महाधिवेशनबाट उनी महासचिव निर्वाचित बनेका थिए ।

२०४६ को परिवर्तन पछाडि मनमोहन अधिकारीले नेतृत्व गरेको नेकपा मार्क्सवादी र मदन भण्डारीले नेतृत्व गरेको नेकपा मालेबिच एकता भयो । एकीकृत पार्टीको नाम नेकपा एमाले राखियो । २०४९ माघमा भएको नेकपा एमालेको पाँचौं महाधिवेशनबाट मदन भण्डारी एमालेको महासचिव बन्न सफल । तर नेकपा एमालेको महसाचिव निर्वाचित भएको चार महिना नबित्दै २०५० साल जेठ ३ गते दासढुंगा जीप दुर्घटनामा भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको रहस्यमय मृत्यु भयो । भूमिगत जीवनबाट सार्वजनिक राजनीतिक जीवनमा आएको छोटो समयमै जीवन गुमाएका भण्डारी कम उमेर र छोटो अवधिमै नेपाली राजनीतिको शिखर व्यक्तित्व बन्न पुगेका थिए ।

मदनको निधन भर्खिएछ उनको शोकमा सर्वसाधारण नेपालीले समेत कपाल मुण्डन गरेका थिए । उनको निधनमा नेपालका तत्कालीन राजा वीरेन्द्र शाहले समेत शोक वक्तव्य जारी गरेका थिए । जबकि त्यसअघि अन्य नेताको निधनमा राजाले त्यसरी शोक वक्तव्य निकाल्ने चलन थिएन । तर तत्कालीन राजा वीरेन्द्रले शोक वक्तव्यमात्र निकालेनन्, उनले मदन भण्डारीलाई स्मरण गर्दै देशभक्त योद्धा र प्रभावशाली नेताका रूपमा चित्रण गरेका थिए । मदनको निधनले देशलाई ठुलो क्षति भएको वीरेन्द्रले बताएका थिए । त्यसवेला एमालेको अध्यक्ष मनमोहन अधिकारी थिए । मनमोहनले त्यसवेला मदनबारे भनेका थिए– 'बरू म मरेर मदनचाहिँ बाँच्नुपर्थ्यो ।'

२०५० साल जेठ ३ गते अपराह्न कास्कीको कार्यक्रम सकेर चितवन जाने क्रममा मदन–आश्रित सवार जीप दासढुंगामा दुर्घटनामा परेको थियो । दुर्घटनास्थमा हाल मदन–आश्रितको शालिक निर्माण गरिएको छ । ३३ वर्षअघि मदन–आश्रित सवार जीप दासढुंगामा भएको दुर्घटनाको खबर फैलनेबित्तिकै देशभरका हजारौँ जनता राति नै दासढुंगा पुगेका थिए । केही दिनपछि भण्डारी र आश्रितको शव काठमाडौँ ल्याएर २ दिनसम्म दशरथ रंगशालामा श्रद्धाञ्जलीका लागि राखिएको थियो। श्रद्धाञ्जली दिन लाखौँ मानिस सहभागी भए । रंगशालाबाट सुरू भएको शवयात्रा, त्रिपुरेश्वर, रत्नपार्क, पुतलीसडक, डिल्लीबजार, मैतीदेवी, गौशाला हुँदै आर्यघाटसम्म पुग्दा पनि टुटेको थिएन ।

राजनीतिक शास्त्रका प्राध्यापक पोखरेल दासढुंगा दुर्घटना प्रकरणमा सर्वसाधारण र एमालेले राख्ने दृष्टिकोण भन्दा अलि फरक विचार राख्छन् । त्यस घटनालाई हत्याको संज्ञा दिएर राजनीतिक पुँजी प्राप्त गर्ने साधनमात्र बनाइएको पोखरेलको बुझाइ छ । 'यसमा मेरो फरक बुझाई छ । दासढुंगा दुर्घटनालाई हत्याको संज्ञा दिएर राजनीतिक पुँजी प्राप्त गर्ने साधनमात्र बनाइयो', उनले भने।

एमाले नेता ज्ञवाली भने दासढुंगा दुर्घटनाका अन्तिम सूत्र अमर लामालाई रहस्यमय ढंगले हत्या गरिएकाले यो घटना रहस्यमै रहेको बताउँछन् । 'माओवादीले अमर लामालाई किन मार्नुपर्थ्यो ? मदनप्रति माया र अमर लामाप्रति घृणा थियो भने त उनलाई समातेर प्रहरीलाई बुझाउनुपर्ने थियो, ताकि प्रमाण नष्ट नहोस् । यसले झन् बढी प्रश्न खडा गरेको छ', ज्ञवालीले भने, 'यसको रहस्य पत्ता लाग्न नसकेको यथार्थ हो । हाम्रो प्रयास पनि कतिपय सन्दर्भमा अपुरो भयो होला, तर कुनै न कुनै दिन यो रहस्यको पर्दा उदघाटित हुनैपर्छ भन्ने मलाई विश्वास छ ।' रातोपाटीबाट

# प्रादेशिक बजेट बनाउँदा .....

**वास्तविकता**

वन सम्बन्धी कानून र जग्गा प्राप्तिको जटिलता नै विकासको अर्को ठूलो बाधक हुन्। किनभने, वन क्षेत्रमा पूर्वाधार विकास गर्न यति जटिल र लामो प्रक्रिया छ कि त्यसले आयोजना नै अलपत्र पार्छ। अर्कोतिर, सरकारले 'ग्रीन, रेजिलेन्ट एन्ड इन्क्लुसिभ डेभलपमेन्ट' अवधारणा अन्तर्गत जलवायु परिवर्तनको सामाजिक र आर्थिक लागत समावेश गर्दै नीति अघि बढाउने बताए पनि उत्पादनमूलक रोजगारी, गरिबी न्यूनीकरण र सामाजिक रूपान्तरणका लागि चाहिने आयोजना पूरा गर्ने समय स्पष्ट छैन।

त्यसैले, मानव पूँजी विकास र दीर्घकालीन पूर्वाधार निर्माणलाई नै सबभन्दा पहिले प्राथमिकता दिनुपर्छ। यहाँ अर्को गम्भीर पक्ष छ, प्रदेशहरूको आन्तरिक आय क्षमता हाल न्यून छ र आगामी बजेट बनाउँदा हामीले संघको अनुदानमा मात्र चल्ने योजना नबनाऔं भन्ने सोच्नुपर्छ। प्रदेशहरूले स्थानीय स्रोतको पहिचान र दायरा बढाउनैपर्छ, किनकि आ॑ नै राजस्व बढाउने रणनीति नै बजेटको मूल आधार बन्नुपर्छ। यदि आन्तरिक स्रोत नबढाई हामीले संघीय अनुदानको पराधीनता स्वीकार गरिरहन्छौं भने त्यो पराधीनता कायमै रहनेछ।

अन्ततः तीनै तहको वित्तीय व्यवस्थापनलाई अनुशासित बनाउँदै वैज्ञानिक संरचना खडा गर्नु अपरिहार्य छ। प्रदेशहरूले आ–आफ्नो भौगोलिक अवस्था, सम्भावना र सीप अनुसार मात्र योजना बनाउनुपर्छ। ठूला सपना देखाएर थोरै बजेट राख्ने प्रचलनले सरकारको विश्वसनीयता गुमाउँछ, पहिलेको अनुभवले हामीलाई ठूलो घोषणा तर कमजोर कार्यान्वयनको कथा सुनाइसकेको छ।

**अनुगमन, जवाफदेहिता र सार्वजनिक लेखा समितिको भूमिका**

समाधानका लागि सार्वजनिक लेखा समिति र मन्त्रालय बीच बलियो समन्वय आवश्यक छ। त्यसैगरी, पारदर्शिता, जवाफदेही र प्रभावकारिताका लागि कडा अनुगमन गर्नुपर्छ र योजना, खर्च र उपलब्धिको नियमित समीक्षा हुनुपर्छ। सार्वजनिक लेखा समितिले वार्षिक प्रतिवेदनलाई केवल औपचारिकतामा सीमित नराखी, प्रभावकारी कार्यान्वयनको ठोस मूल्याङ्कन गर्नुपर्छ।

ठूला आयोजनाको ढिलाइ, लागत वृद्धि र गुणस्तर जस्ता विषयमा समितिको निर्देशन निकै सहयोगी हुन्छ। तर, अनियमितता र ढिलाइमा जवाफदेहिता निर्धारण गरी ठोस कारबाही हुनुपर्छ। कारबाहीको उदाहरण नबनेसम्म अनियमितता आफैं नियन्त्रणमा आउँदैन। र, योजना असफल हुनुको जरो नखोज्दा केवल सतही बुझाइले समाधान दिन सकेको छैन। योजना र बजेट स्पष्ट जिम्मेवारी र उत्तरदायित्वसहित तोक्नुपर्छ। साथै, योजना आयोगले अनुगमन तथा मूल्याङ्कनलाई मापनयोग्य सूचकहरूको आधारमा गरी कर्मचारीको वृत्ति विकाससँग नै जोड्नुपर्छ। अन्त्यमा, 'आयोजना सबैको हो' भन्ने सामूहिक स्वामित्वको भावना विकास गर्न सहभागितामूलक प्रक्रिया अपनाउनुपर्छ।

**निष्कर्ष**

योजना र बजेट दुवै राजनीतिक र आर्थिक दस्तावेज हुन्। अर्थात्, योजनाले तोकेको उद्देश्य पूरा गर्न बजेटले योजनालाई नै पछ्याउनुपर्छ, उल्टो होइन। त्यसैले, आवधिक योजनालाई प्रभाव पार्ने गरी बीचमा राजनीतिक लोकप्रियताका मात्र कार्यक्रम ल्याउनुहुँदैन। तर, सुधारको जिम्मा केवल सरकारको मात्र होइन, सञ्चारमाध्यम, नागरिक समाज र सर्वसाधारणको अनुगमन र दबाब पनि उत्तिकै आवश्यक छ। नत्र, फेरि बजेट विनियोजनको असफल चरण दोहोरिनेछ, र त्यसको भारी जनताले नै भोग्नुपर्नेछ।

प्रदेश र संघको वित्तीय संरचनाको पुनरावलोकन, स्थानीय तहको क्षमता र जनशक्ति व्यवस्थापनमा सुधार, र कुल गार्हस्थ्य उत्पादन वृद्धिको दीर्घकालीन लक्ष्य निर्धारण नै अबको वास्तविक बाटो हो। र, यी उपायहरूको सुरूआत तीनै तह बीच समन्वय, सहकार्य र सहअस्तित्वबाट गर्न जरूरी छ। किनकि, यदि यी तत्काल गरिएनन् भने योजना–बजेटको असफलता दीर्घकालीन बन्नेछ, र विकासको जग नै कमजोर हुनेछ। तीनै तहको सरकारमा वित्तीय अनुशासनको आवश्यकता छ । अनलाइनखबरबाट

*(डा. अधिकारी, गण्डकी प्रदेश अन्तर्गतको नीति तथा योजना आयोगका पूर्व सदस्य हुन्।)*

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

**खाली कोठा भाडामा दिने सम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति २०८३।०१।३१*

स्थानीय सरकार संचालन ऐन २०७४ को (दफा ११ र ५९) अनुसार व्यास नगरपालिका कार्यालयको स्वामित्वमा रहेको साबिक फराकचौर ९/ग कि.नं.१५१८ मा निर्मित भवनका पसलकवलहरु, भाडामा लगाउन कार्यालयले निर्धारण गरेको मासिक न्युनतम भाडादरको रकमबाट बढाबढ हुने गरी तपशिलमा उल्लेखित नम्वर अनुसारका पसल कवलहरुमा गोप्य सिलवन्दी दरभाउपत्रबाट पसल कवलहरु बहाल लगाउने सम्बन्धी ठेक्का बन्दोवस्ती गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट दरभाउपत्रमा उल्लेखित शर्तको अधिनमा रहि सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो गोप्य शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| कोठा नम्वर | विवरण | न्युनतम अंङ्क मासिक रु. | फारम दस्तुर रु. | धरौटी रकम कवोल अंकको |
|---|---|---|---|---|
| यु २ | सफासडक मोहोडा तर्फको भवनको पहिलो तलाको कोठा | १९,५००.०० | १,०००.०० | ५ प्रतिशत |
| ११० | सफासडकको पश्चिम तर्फको सटर | २७,४०६.०५ | १,०००.०० | ५ प्रतिशत |

- शिलवन्दी दरभाउपत्रको हार्डकपीको फाराम यो सूचना प्रकाशित भएको मितिदेखि मिति २०८३।०२।०६ गते सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ । सुचना प्रकाशित भएको मितिदेखि मिति २०८३।०२।०७ गते सम्म दिन दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरु मिति २०८३।०२।०७ गते दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुने छन् ।
- विस्तृत जानकारीका लागि व्यास नगरपालिकाको कार्यालय राजश्व व्यवस्थापन शाखामा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ । साथै कार्यालयको फोन नं. ०६५-५६४१६९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्धारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

२०८३ जेठ ०४ सोमबार
May 18, 2026



**कृषि हाटबजार :** तनहुँको शुक्लागण्डकी नगरपालिकाले वडा नं.-५ बेलचौतारामा सञ्चालनमा ल्याएको कृषि हाटबजारमा स्थानीय उत्पादनको खरिद बिक्री गरिदै । भौतिक पूर्वाधारसँगै मानवीय पुँजी निर्माणलाई प्राथमिकतामा राख्दै ग्रामीण अर्थन्त्र चलायमान गराउने प्रयासका साथ कृषि हाटबजार सञ्चालनमा ल्याएको नगरपालिकाका उपप्रमुख खुम बहादुर विक (राजु)ले बताएका छन् । *तस्विर : भञ्ज्याङ*

# कृषककै हातमा अनुगमनको जिम्मा

## भानु नगरपालिकाले कृषि क्षेत्रमा पारदर्शिता बढाउन किसान सञ्जाल गठन गर्दै

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकाले कृषि तथा पशुपालन क्षेत्रमा हुने सरकारी लगानीलाई पारदर्शी र प्रभावकारी बनाउन नयाँ अभ्यास सुरू गरेको छ । नगरपालिकाले अब कृषि तथा पशुसेवा कार्यक्रमको अनुगमन गर्ने जिम्मेवारी सिधै कृषकहरूलाई दिने तयारी गरेको हो । आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत सञ्चालन हुने पशुसेवा तथा कृषि कार्यक्रमको अनुदान, सामग्री वितरण र बजेट कार्यान्वयन सही ढंगले भए-नभएको अनुगमन किसान आफैंले गर्ने व्यवस्था मिलाउन लागिएको नगरपालिकाले जनाएको छ ।



यसका लागि नगरपालिकाले 'भानु नगरपालिका कृषि सञ्जाल कार्यविधि-२०८३' अनुसार सबै वडामा कृषकहरूको भेला आयोजना गरी कृषि सञ्जाल समिति गठन प्रक्रिया सुरू गरेको छ । नगरपालिकाका अनुसार राज्यको लगानी वास्तविक किसानसम्म पुग्ने सुनिश्चित गर्न, बिचौलियाको प्रभाव घटाउन तथा स्थानीय तहमा सुशासन कायम गर्न किसानकै नेतृत्वमा अनुगमन संयन्त्र निर्माण गर्न लागिएको हो।

नगरपालिकाकी उपप्रमुख उमा गोतामेले कृषि र पशुपालन क्षेत्रमा हुने हरेक योजना तथा खर्चलाई पारदर्शी र जवाफदेही बनाउनु मुख्य उद्देश्य रहेको बताइन् ।

उनका अनुसार नगरपालिकाले दूध, माछामासु र अण्डामा आत्मनिर्भर बन्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । प्रतिलिटर पाँच रूपैयाँ दूध अनुदान कार्यक्रम पनि त्यही उद्देश्यअनुसार ल्याइएको हो । तर यस्ता सुविधा वास्तविक किसानसम्म पुग्नुपर्ने भएकाले किसानकै नेतृत्वमा सञ्जाल गठन गर्न लागिएको उनले बताइन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठले कृषि सञ्जालले कार्यक्रम कार्यान्वयनको अनुगमन मात्र नभई किसानका आवश्यकता पहिचान, व्यावसायिक कृषि उत्पादन क्षेत्रको सम्भावना अध्ययन तथा नीति निर्माणका लागि सुझाव दिने काम पनि गर्ने जानकारी दिए ।

पशुसेवा प्राविधिक अमित ढुङ्गानाका अनुसार जेठ ७ गतेदेखि १३ गतेसम्म नगरपालिकाका सबै १३ वटै वडामा कृषक भेला सम्पन्न गरी पालिका स्तरको एकीकृत किसान सञ्जाल गठन गरिनेछ ।

उनले किसान सञ्जालमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले उपलब्ध गराउने सेवा-सुविधाबारे गाउँ-गाउँसम्म जानकारी पुग्ने र किसानका समस्या तथा माग सम्बन्धित निकायसम्म सहज रूपमा पुग्ने विश्वास व्यक्त गरे। नगरपालिकाले किसान आफैंले वडादेखि पालिका तहसम्म अनुगमन गर्ने व्यवस्थाले सरकारी लगानीको दुरूपयोग रोक्न, वास्तविक किसानलाई प्राथमिकता दिन र कृषि क्षेत्रमा विश्वासको वातावरण निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरेको छ।

### facebook twitter



**Shiwakoti D**
x.com/KiranTokyo

जब-जब नेपालले आफ्नो स्वार्थ अनुरूप कदम उठाउछ, जब जब नेपालले आफ्नो स्वावलंबन, स्वाधीनताको लागी कदम चलछ तब तब उता पनी यता पनी हल्ला खल्ला, चिच्याहट, रोदन र क्रंदन सुरू हुन्छ। पिलो निचोरन खोजदा दुखनु सामान्य हो। सहनु को बिकल्प छैंन भन्ने चेतना आम रूपमा देखिएन। पिलो दुखछ भनेर पिलो ननिचोरी राखने प्रवृत्ति घातक छ। १०० रूपयाँ भन्दा बढी मूल्यको सामानमा ट्याक्स लिने सरकारको नयाँ निर्णय स्वागतयोग्य र नेपालको लागी लिनु परने निर्णय भएपनी सम्पूर्ण मीडियामा कोलाहल र चिच्याहट सुरू भयो। त्यो चिच्याहट र कोलाहलले सायद पारी खुशी भयो होला। अदालतले पनी स्टेअडर दियो। अहिले पारीकालाई खूचिंग भन्ने अवसर मिल्यो। हामी बिना तिमिहरू बाचन सक्दैनौ भन्ने उनिहरूको भास्य प्रमाणित भयो। यो नियम कती महत्वपूर्ण छ भने ट्याक्स फ्री हुँदा बोर्डर एरियामा भारतको हरेक नाकामा एक सहर बसेको छ। जून ट्याक्स लगाउने हो भने वारी नेपाल मै सहर बसनेछ। अर्थात् नेपाली ग्राहक कै कारण पारी २०-३० ओटा बजार चलेका छन। लाखौ करोडको ब्यापार हजारौ को रोजगारी पारी चालेकों छ जून ट्याक्स लगाउदा वारी चलछ।

यदि भारतले हामिलाई नाकाबंदी लगाउदा, हाम्रो निर्यात रोकदा, या हाम्रा ब्यापारमा अवरोध पुर्याउदा अथवा हामिलाई हाम्रो स्वार्थ बिपरीत कार्यको लागी दवाब दिंदा हामी डटेर बिना चिच्याहट, बिना ऐया अत्था, बिना कोलाहल आफ्नो स्थिति मजबूत गर्न लाग्यौ भने २-३ बर्षमा हामी स्ट्रेटेजिक रूपमै सबल, स्वबलंबी र स्वतंत्रताको लक्षमा पुगने छौ। रोई-कराई नगरने हो भने पारिकाले पनी कूरा बुझ्ने छ र आफै परिस्थिति सहज गरने बाँध्यात्मक अवस्थामा पुगने छ।

नेपाललाई स्वाबलंबनको मार्गमा लैजान, नेपाललाई स्ट्रेटेजिक स्वाधीनता र स्वतंत्र राखन हामिले अहिलेको ट्याक्स नितिलाई निरंतरता दिनु अनिवार्य छ।

यसले नेपालको कृषि क्षेत्र मजबूत हुनेछ । कृषि उत्पादन बढ्ने, खाद्यान्न आयात घटने, नेपालमा कृषि रोजगारी बढ्ने, कृषक प्रोत्साहित हुने निश्चित छ। अझ नेपाली आर्गानिक र पहाडी कृषि उत्पादन त्यही भारतमा निर्यात हुने अवस्था बन्ने छ।

नेपालमा विस्तारै साना तथा मझौला उद्योग-कारखानाको बाढी आऊने छ। औद्योगिक उत्पादनको आयात घटने, देशमा रोजगारी बढ्ने र नेपाल मै गरीखान चाहने नेपालीलाई रोजगारी, पेसा व्यवसाय र ब्यापारका नयाँ-नयाँ अवसर सृजना हुने छन। अहिले नेपाल यो नीति (स्वबालंबन, स्वाधीन अर्थतंत्र निर्माणको) अवलंबन गर्न इतिहास मै र स्ट्रेटेजिक रूपमै सहज अवस्थामा छ।

नेपाल बिद्युतीय ऊर्जामा आत्मनिर्भर हुदैछ।

बिध्युतीय गाडीले यातायातको बिकल्प, पेट्रोल, डिजेलको बिकल्प उपलब्ध गराएको छ। गल्फ लगायत बिस्व श्रम बजार नेपालीको लागी उपलब्ध छ। सम्पूर्ण जसो औद्यौगिक उत्पादनको श्रोतको बिकल्पको रूपमा चिन छ। यही हो हामिलाई स्वावलंबन र स्वाधीन अर्थतंत्र निर्माणको सहज वातावरण। यसको हामिले साहस र दृढ अठोट पूर्बक रूपले फाइदा लीन सकनु पर्छ। फलाम तातेको बेला घन ठोकनू पर्छ। अतः वर्तमान सरकारलाई म अनुरोध गर्न चाहन्छु की आऊदो ५ बर्ष देशलाई मजबुत, स्वाधीन र स्वाबलंबी अर्थतन्त्र निर्माणको लागी आवश्यक आर्थिक, औद्योगिक, कृषि, व्यापारिक नीति, त्यही अनुरूपका कानून, ऐन, नियम र कार्यक्रम आऊदो बजेट मार्फत अवलम्बन गरियोस।

# बन्दीपुर अस्पताललाई रू. ४० ......

विभिन्न स्वास्थ्य औजार उपकरण सहयोगका लागि अस्पतालले केही समयअघि सार्वजनिक आह्वान गरेको थियो । सोही अनुरूप लायन्स क्लब अफ चितवन चौतारी र लोयल ट्रेडर्स चितवन ले अस्पताललाई अत्यावश्यक स्वास्थ्य उपकरणहरु निःशर्त सहयोग गरेका हुन् ।



लायन्स क्लब अफ चितवन चौतारीले करिब २० लाख रूपैयाँ बराबरको 'क्लिया मेसिन' तथा 'पीटी/आईएनआर मेसिन' उपलब्ध गराएको छ भने लोयल ट्रेडर्स चितवनले करिब २० लाख रूपैयाँ बराबरको 'फुल्ली अटोमेटिक बायोकेमेस्ट्री एनालाइजर' र '५ पार्ट हेमाटोलोजी/सीबीसी एनालाइजर' हस्तान्तरण गरेको अस्पतालका प्रमुख डा. अनिल गिरीले जनाए ।

यी उपकरण जडानसँगै अब बन्दीपुर अस्पतालमै थाइराइड, भिटामिन डी, भिटामिन बी-१२, पाठेघरको क्यान्सर परीक्षण(CA-१२५), प्रोस्टेट क्यान्सर परीक्षण (PSA), रगत जम्ने क्षमतासम्बन्धी PT/INR परीक्षण, कलेजो, मिर्गौला, युरिक एसिड तथा रगतका विभिन्न कणहरूको गुणस्तरीय परीक्षण सेवा सञ्चालन गर्न सकिने प्रमुख डा. गिरीले जानकारी गराए ।

'यसअघि यस्ता परीक्षणका लागि बिरामीहरूलाई पोखरा, दमौली वा चितवन जानुपर्ने बाध्यता रहेको थियो', उनले भने, 'अस्पतालले सम्बन्धित केमिकल खरिदका लागि ई-बिडिङ प्रक्रिया अघि बढाएर छिट्टै परीक्षण सेवा सञ्चालन गर्ने तयारी गरेको छ ।'

अस्पतालका अनुसार आगामी दिनमा पनि सेवा विस्तारका लागि AED (Automatic External Defibrillator), १२ लिड ईसीजी, अक्सिजन कन्सन्ट्रेटर, एक्स-रे CR कोनिका प्रिन्टर, कमर्सियल वासिङ मेसिन, ठूलो क्षमताको फ्रिज लगायत अन्य स्वास्थ्य उपकरण आवश्यक रहेको छ।

अस्पतालले स्वास्थ्य क्षेत्रको सुधार र स्थानीयस्तरमै गुणस्तरीय उपचार सेवा उपलब्ध गराउने अभियानमा सहयोग गर्न इच्छुक संघ-संस्था, दाता तथा व्यक्तिहरूलाई सहकार्यका लागि आग्रह गरेको छ । अस्पतालसँग सहयोगसम्बन्धी समन्वय गर्न इच्छुकले अस्पताल प्रशासन वा ९८५६०६३३३१ नम्बरमा सम्पर्क गर्न सक्ने जनाइएको छ ।

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं ।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणमीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली परिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं ।

हिमाल हाम्रो पहिचान र गौरवको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४